# गढीमाई नगरपालिका

## स्थानीय राजपत्र


| वर्ष ०८ | संख्याः०९ | मितिः२०८१।०९।२१ |
|---|---|---|


भाग-१

## गढीमाई नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## समनपुर, रौतहट

**गढीमाई नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न वनेको कार्यविधि,२०८१**


कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०९।२१


श्याम प्रसाद राउत

# गढीमाई नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न बनेको कार्यविधि, २०८१

**प्रस्तावनाः**

गढीमाई नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न बाञ्छनीय भएकोले मधेश प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी गढीमाई नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ।

## १.संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम "गढीमाई नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न बनेको कार्यविधि, २०८१" रहने छ।

२. यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ, सो शब्दले तत्काल प्रचलित कानून बमोजिम साविकका स्थानीय निकायमा स्थायी नियुक्ति भएका कर्मचारीहरु, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस नगरपालिकामा समायोजन भएका सम्पूर्ण सेवाका कर्मचारीहरु (स्वास्थ्य सेवा) समेत र संघीय/प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका कर्मचारीहरु तथा यस नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरुलाई जनाउँछ ।

(ग) "स्थानीय तह" भन्नाले गढीमाई नगरपालिका, रौतहट सम्झनु पर्दछ।

(घ) "सेवा सुविधा" भन्नाले प्रचलित कानून बमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पूर्ण सेवा सुविधालाई सम्झनु पर्दछ। सो शब्द सेवा निवृत भए पश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(ङ) "न्यूनम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानूनमा शुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता र तह वृद्धि/स्तर वृद्धि हुने पदको लागि मधेश प्रदेश सभाबाट पारित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ ले निर्धारण गरेको शैक्षिक योग्यतालाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा सो बमोजिम जिम्मेवारीमा रहेको कर्मचारीलाई सम्झनु पर्दछ।

## ३. तह वृद्धि/स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्थाः

(१) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ तथा सोही ऐनको दफा २८ र दफा २९ उपदफा १, २, ३, ४ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्बन्धी व्यवस्था सम्झनु पर्नेछ ।

श्याम प्रसाद यादव
नगर प्रमुख

CamScanner

### (४) सिफारिस समिति सम्बन्धी व्यवस्थाः

यस कार्यविधिको दफा ३ बमोजिम तह वृद्धि/स्तर वृद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा ४ को आधारमा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति तोक्नु पर्नेछ ।

### (५) सूचना प्रकाशन गर्नु पर्ने व्यवस्थाः

मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा ४ बमोजिम सोही ऐनको दफा ८ को उपदफा २२, २३ तथा दफा २८ र २९ को उपदफा १, २ र ३ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्बन्धी ३० दिने सूचना प्रत्येक आर्थिक वर्षको असार र पुष महिनामा प्रकाशित गरी गढीमाई नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

### (६) निवेदन पेश गर्नेः

यस कार्यविधि अनुसार प्रकाशित सूचनामा बमोजिम तह वृद्धि/स्तर वृद्धि हुन अषाढ र पौष मसान्तसम्म योग्यता पुगेका सम्बन्धित कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

### (७) सिफारिस समिति गठन सम्बन्धी व्यवस्थाः

मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ तथा सोही ऐनको दफा २८ र दफा २९ को उपदफा १, २, ३, ४ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्बन्धी सिफारिस गर्न देहाय अनुसार तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति गठन गर्नु पर्नेछ ।

क) तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिः

१. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको राजपत्राङ्कित द्वितिय श्रेणीको अधिकृत स्तरको कर्मचारी- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

३. प्रशासन शाखा प्रमुख/शाखा प्रमुख/तह मिलान हुने भएमा नगर कार्यपालिका बोर्डले तोकेको न.पा.भित्रको अधिकृत स्तरको कर्मचारी वा अन्य न.पा./निकायको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

ख) उपदफा (क) मा जुनसुकै लेखिएको भएता पनि सिफारिस समितिमा तोकिएका कर्मचारीहरु स्वयं तह वृद्धि/स्तर वृद्धिको उम्मेदवार भएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतले अर्को अधिकृत स्तरको कर्मचारी सदस्य तोक्नु पर्नेछ ।

ग) सेवा समूहसंग सम्बन्धित विषय विज्ञको आवश्यकता परेको खण्डमा सम्बन्धित सेवाको अधिकृत स्तर कर्मचारीलाई तह वृद्धि तथा बढुवा समितिले आमन्त्रित गर्न सक्नेछ ।

**८. समितिको काम,कर्तव्य र अधिकारः** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. तह वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको

### (४) सिफारिस समिति सम्बन्धी व्यवस्थाः

यस कार्यविधिको दफा ३ बमोजिम तह वृद्धि/स्तर वृद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा ४ को आधारमा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति तोक्नु पर्नेछ ।

### (५) सूचना प्रकाशन गर्नु पर्ने व्यवस्थाः

मधेश प्रदेश सरकारवाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा ४ बमोजिम सोही ऐनको दफा ८ को उपदफा २२, २३ तथा दफा २८ र २९ को उपदफा १, २ र ३ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्वन्धी ३० दिने सूचना प्रत्येक आर्थिक वर्षको असार र पुष महिनामा प्रकाशित गरी गढीमाई नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

### (६) निवेदन पेश गर्नेः

यस कार्यविधि अनुसार प्रकाशित सूचनामा बमोजिम तह वृद्धि/स्तर वृद्धि हुन अषाढ र पौष मसान्तसम्म योग्यता पुगेका सम्वन्धित कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

### (७) सिफारिस समिति गठन सम्बन्धी व्यवस्थाः

मधेश प्रदेश सरकारवाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ तथा सोही ऐनको दफा २८ र दफा २९ को उपदफा १, २, ३, ४ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्वन्धी सिफारिस गर्न देहाय अनुसार तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति गठन गर्नु पर्नेछ ।

क) तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिः

१. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको राजपत्राङ्कित द्वितिय श्रेणीको अधिकृत स्तरको कर्मचारी- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

३. प्रशासन शाखा प्रमुख/शाखा प्रमुख/तह मिलान हुने भएमा नगर कार्यपालिका बोर्डले तोकेको न.पा.भित्रको अधिकृत स्तरको कर्मचारी वा अन्य न.पा./निकायको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

ख) उपदफा (क) मा जुनसुकै लेखिएको भएता पनि सिफारिस समितिमा तोकिएका कर्मचारीहरु स्वयं तह वृद्धि/स्तर वृद्धिको उम्मेदवार भएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतले अर्को अधिकृत स्तरको कर्मचारी सदस्य तोक्नु पर्नेछ ।

ग) सेवा समूहसंग सम्वन्धित विषय विग्यको आवश्यक्ता परेको खण्डमा सम्बन्धित सेवाको अधिकृत स्तर कर्मचारीलाई तह वृद्धि तथा बढुवा समितिले आमन्त्रित गर्न सक्नेछ ।

**८. समितिको काम,कर्तव्य र अधिकारः** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. तह वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको

CS CamScanner

कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।

२. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिको नगरकार्यपालिकामा सिफारिस गर्ने।

३. यस कार्यविधिको दफा १४ बमोजिम तह वृद्धिको लागि सम्वन्धित निकायमा आवश्यक परामर्श माग

## ९. सिफारिसः

१. दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा सिफारिस समितिले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

५ ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिकोनिर्णय कार्यान्वयन गरी अनसूची २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

**१०. तह वृद्धि वा बढुवा रोक्का हुनेः**यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपसिल बमोजिमको अवधि सम्म कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गरिने छैन।

१. निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

२. तह वृद्धि वा वढुवा रोक्का भएकोमा तह वृद्धि वा रोक्का भएको अवधिभर,

३. तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

४. ऐनको दफा ४३ वमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएकोमितिले ३ वर्षको अवधिभर,

५. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

६. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**११. स्थानीय सेवाका कर्मचारी स्तरवृद्धिगर्ने :** (१) साविकको स्थानीय निकायको रुपमा तात्कालिन गा.वि.स./जि.वि.स.मा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवा (स्थानीय, स्वास्थ्य, प्रशासन, लेखा, इन्जिनियरिंग, अन्य स्थायी कर्मचारी) का कर्मचारीहरुको स्तरवृद्धि गरिनेछ।

दफा २९ को १ र २ बमोजिम नगर सेवाका कर्मचारीहरुको स्तरवृद्धि देहाय बमोजिम हुनेछ :

| क्र.सं. | साविकको तह | स्तरवृद्धि पश्चात कायम हुने तह | पदनाम | कै. |
|---|---|---|---|---|
| १. | सहायक स्तर चौथो | सहायक स्तर पाचौं | नायक सुब्बा | |
| २. | सहायक स्तर पाचौं | अधिकृत स्तर छैठौं | अधिकृत | |
| ३. | सहायक स्तर छैठो | अधिकृत स्तर सातौं | अधिकृत | |
| ४. | सहायक पाँचौं (सि.अ.न.मीं) | अधिकृत छैठौं | प.हे.न.निरिक्षक | |

ज्ञान प्रसाद यादव
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५. | जन स्वास्थ्य निरिक्षक (अधिकृत छैठौं) | अधिकृत सातौं | जन स्वास्थ्य अधिकृत | |
| ६. | बरिष्ठ कविराज निरिक्षक (अधिकृत) | अधिकृत आठौं | आयुर्वेद चिकित्सक | |
| ७. | अ.न.मी. सहायक चौथो | सहायक पाँचौं | सि.अ.न.मी. | |

**१२. तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का:** ऐनको दफा ३३ को उपदफा १ र २ मा भएको व्यवस्था विपरित

तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैन।

**१३. तह वृद्धि कार्यान्वयन:**

१. ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वियन गर्नेछ।

२. तह वृद्धि व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**१४. ज्येष्ठता कायम सम्बन्धी व्यवस्था:**

१. यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारीको सम्वन्धित तहको सेवा समूहको पदमा सुरु नियुक्ति मितिबाट लागु हुने गरी गणना गरिनेछ।

२. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ ~~को उपदफा २८~~ को उपदफा १,२ र ३ बमोजिम गणना गरिनेछ।

**(१५) निर्णय गर्नु नपर्ने:**

यसै कार्यविधिको आधारमा तह वृद्धि/स्तर वृद्धि गर्नको लागि नगर कार्यपालिकाको निर्णय आवश्यक पर्ने छैन ।

**(१६) यस नगरपालिका अन्तर्गतका कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्थामा थप:**

१. मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ तथा सोही ऐनको दफा २८ र दफा २९ को उपदफा १, २, ३ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम यसै आर्थिक वर्ष २०८१/०८२ मा छैठौं तहबाट सातौं तहमा तह मिलान भएका कर्मचारीको हकमा नियुक्ति मिति देखिकै कार्यसम्पादन मूल्याङ्कन र सेवा अवधिलाई आधार मानि एक पटकको लागि सातौं तहबाट आठौं तहमा तह वृद्धि/स्तर वृद्धि गरिदिनु पर्नेछ ।

श्याम प्रसाद ...
...

(ख) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (ग) बमोजिम एक तह स्तर वृद्धी गर्दा यस मधेश प्रदेशको अन्य स्थानीय तहबाट यस नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कामकाजमा खटाइएका कर्मचारीको हकमा सेवा अवधि ३ वर्ष पुरा भई यस नगरपालिकामा कम्तिमा दुई वर्ष सेवा अवधि पुरा गरी तीन आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा ८० प्रतिशत अंक प्राप्त गरेको खण्डमा मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ को दफा २९ को उपदफा १ बमोजिम शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित सेवा समूहमा नै तह/स्तरबाट एक तह/स्तर वृद्धि गरिदिनु पर्नेछ ।

(ग) यस नगरपालिकामा स्वास्थ्य सेवामा कार्यरत अधिकृत छैठौं (सि.अ.न.मी., ज.स्वा.नि. र सि.अ.हे.व.) तहका कर्मचारीहरुलाई मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा २ बमोजिम ५ वर्ष सेवा अवधि पुरा गरी कम्तिमा दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा न्यूनतम उत्तम अंक प्राप्त गरेका कर्मचारीहरुको हकमा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित सेवा समूहमा नै एक तह/स्तर वृद्धि (अधिकृत सातौं तह) गरिदिनु पर्नेछ ।

(घ) ऐनको दफा ८ को उपदफा २३ बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा पाचौं तहमा स्थायी नियुक्ति वा कार्यरत स्थायी कर्मचारी छैठौं तहमा स्तरवृद्धी भई कार्यरत रहेका कर्मचारीको हकमा पाचौं तहमा १० वर्ष सेवा अवधि पुगेका र सातौं तहका लागि आवश्यक शैक्षिक योग्यता (प्रविणता प्रमाणपत्र/कक्षा १२ उत्तीर्ण वा सो सरह) पुगेका कर्मचारीहरुको कम्तिमा तीन आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा न्यूनतम ८० अंक प्राप्त गरेका कर्मचारीहरुको हकमा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले एक तह/स्तर वृद्धि (अधिकृत सातौं तह) गरिदिनु पर्नेछ ।

(ङ) ऐनको दफा २९ को उपदफा २ बमोजिम स्थानीय स्वास्थ्य सेवाका स्तरवृद्धि गर्दा क्र.सं. १ मा चौथो तहबाट पाचौं तहमा र क्र.सं. २ को क, ख मा पाचौं तहबाट छैठौं तहमा स्तरवृद्धि हुन ५ वर्ष सेवा अवधि पुरा गरेको र पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा उत्तम अंक प्राप्त गर्नुपर्ने मात्र उल्लेख रहेकोले हाल चौथो र पाचौं तहमा कार्यरत कर्मचारीलाई जुन शैक्षिक योग्यताबाट नियुक्ति भएको हो सोही शैक्षिक योग्यताको आधारमा सहायक पाचौं र छैठौं तहमा स्तर वृद्धि गरिदिनु पर्नेछ ।

(च) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस नगरपालिकामा समायोजन तथा पदस्थापन भई कार्यरत स्वास्थ्य सेवाको कर्मचारीको हकमा ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी कार्यरत रहेका कर्मचारीहरुको कम्तिमा दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा न्यूनतम उत्तम अंक प्राप्त गरेका कर्मचारीहरुको हकमा तह वृद्धि/स्तर वृद्धि

श्याम प्रसाद यादव
नगर प्रमुख

सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले एक तह/स्तर वृद्धि गर्ने गरिदिनेछ ।

**१७. पदस्थापन सम्बन्धी विशेष व्यवस्थाः**

मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ तथा सोही ऐनको दफा २८ र २९ को उपदफा १, २ र ३ अनुसार तह/स्तर वृद्धि हुने पदको दरबन्दी स्वतः सिर्जना भई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ अनुसार तह/स्तर वृद्धि भएको पत्र दिई सोको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोग लगायत सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

**१८. अपुग रकम बराबरको ग्रेड थपः**

कर्मचारीहरुको तह/स्तर वृद्धि भई नयाँ तलबमान कायम भई निजले खाइपाई आएको साबिक तलबमान भन्दा कम हुने भएमा अपुग रकम बराबरको ग्रेड थप गरी तलबमान कायम गरिने छ ।

**१९. आवश्यक व्यवस्था मिलाउनेः**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो कार्यविधि प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउने छ ।

**२०. व्याख्याः**

यो कार्यविधिको सम्बन्धमा नगर कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

**२१. परामर्शः** ऐनको दफा १५७ को उपदफा २ बमोजिम स्थानीय तहले ऐन प्रारम्भ भए पछि हुने तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा प्रदेश लोकसेवा आयोगको परामर्श अनिवार्य रुपमा लिनुपर्नेछ।

**२२. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोकसेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा निहित रहनेछ।

**२३.उजुरी/गुनासोः** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**२४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**२५. खारेजी एवं बचाउः** तह वृद्धि/स्तर वृद्धि सम्बन्धी भएको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

श्याम प्रसाद यादव
नगर प्रमुख

अनुसूची १

(कार्य विधिको दफा ६ को १ सँग सम्बन्धित)

तह स्तरवृद्धि/मिलानको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
समनपुर, रौतहट।

विषयः- तह, स्तरवृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस गढमाई नगरपालिकाको तह स्तरवृद्धि सम्बन्धी मिति .................. गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह स्तरवृद्धि/तह मिलान हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

तपसिलः

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी।
२. समायोजन पत्रको प्रतिलिपी।
३. बढुवा/स्तरवृद्धि/तहवृद्धि भएको पत्रको प्रतिलिपी।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

| हाल कार्यरत पद | तह वृद्धि/मिलान गरिने पद |
|---|---|
| पदः- | पदः- |
| सेवाः- | सेवाः- |
| समूह/उप-समूहः- | समूह/उप-समूहः- |
| तहः- | तहः- |
| कार्यालयः- | कार्यालयः- |

माथी उल्लेख गरिएका सबै व्यहोरा ठिक साँचो हो, झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

नामः

दस्तखतः

कर्मचारी संकेत नं.

CamScanner

अनुसूची २

कार्यविधिको दफा ६ को ३ सँग सम्वन्धित

तह स्तरवृद्धि/मिलान पत्रको ढाँचा

मितिः

श्री ......................

कर्मचारी संकेत नं. ...........

गढीमाई नगरपालिका समनपुर, रौतहट ।

**विषयः तह, स्तरवृद्धि गरिएको सम्बन्धमा।**

तपाईलाई नगर कार्यपालिकाको कार्यालयको मिति................... गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा .............. मिति ................. गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह, स्तरवृद्धि/ तह मिलान गरिएको छ। तह, स्तरवृद्धि/ तह मिलान हुनुभएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

**तपसिलः**

| हाल कार्यरत पद | तह, स्तरवृद्धि/मिलान गरिने पद |
|---|---|
| पदः- | पदः- |
| सेवाः- | सेवाः- |
| समूह/उप-समूहः- | समूह/उप-समूहः- |
| तहः- | तहः- |
| कार्यालयः- | कार्यालयः- |

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री लोक सेवा आयोग, 'केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, मधेश प्रदेश, जनकपुर, धनुषा।

श्री राष्ट्रिय किताबखाना (निजामती), पूलचोक, ललितपुर।

श्री प्रदेश किताबखाना, जनकपुर, धनुषा।

श्री कर्मचारी संचयकोप, जनकपुर, धनुषा।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमडौं।

श्री कोप तथा लेखा नियन्त्रक कार्यालय,रौतहट।

श्री आर्थिक प्रशासन शाखा, गढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, समनपुर, रौतहट।

श्याम प्रसाद यादव

नगर प्रमुख

CamScanner